**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज गुजरातको दाहोदमा २४ हजार करोड रुपैयाँ बराबरका विभिन्न विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुहुनेछ।
- प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा नयाँ दिल्लीमा आयोजित (एनडीए) को मुख्यमन्त्री र उपमुख्यमन्त्रीहरूको एक दिवसीय सम्मेलनमा विकास कार्यहरुको गतिलाई बडाउन जोर दिएको छ।
- अमेरिका ,चिन र जर्मनी पछि भारत विश्वको चौथो सबै भन्दा ठूलो अर्थतन्त्र बनेको छ |
- पञ्जाबमा शिरोमणि अकाली दलका पार्षद हरजिंदर सिंहको अमृतसरमा केही अज्ञात आक्रमणकारीहरूले गोली हानी हत्या गरेका छन्।
- आइपिएल क्रिकेटमा हिजो राति सनराइजर्स हैदराबादले कोलकाता नाइट राइडर्सलाई ११० रनले पराजित गरेको छ।

**पीएम-दाहोद**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज गुजरातको दाहोदमा २४ हजार करोड रुपैयाँ बराबरका विभिन्न विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुहुनेछ। गुजरातको आफ्नो दुई दिने भ्रमणको क्रममा श्री मोदीले दाहोद लोकोमोटिभ म्यानुफ्याक्चरिङ प्लान्टको उद्घाटन गर्नुहुनेछ। हाम्रा संवाददाताले जानकारी दिए अनुसार यो प्लान्टले आगामी ११ वर्षमा एक हजार दुई सय फ्रेट इलेक्ट्रिक स्वचालित मेसिनहरू उत्पादन गर्नेछ। २१ हजार करोड रुपैयाँभन्दा बढीको लागतमा निर्मित यस कार्यशालाले आधुनिक उपकरणहरू मार्फत रेलवेको मालवाहक क्षमता बढाउनेछ। विद्युतीय लोकोमोटिभले सरकारको मेक इन इन्डिया उद्देश्यलाई मात्र साकार पार्ने छैन तर विश्वभर निर्यात गरेर मेक फर वर्ल्ड पहललाई पनि प्रवर्द्धन गर्नेछ। सञ्चारकर्मीसँग कुरा गर्दै रेलवे बोर्डका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत सतीश कुमारले उद्योगको सहभागिता र स्वदेशी उपकरणको प्रयोगले यो प्लान्ट रेकर्ड समयमा सम्पन्न भएको बताए। प्रधानमन्त्री मोदीले नौ हजार हर्ष पावरको विद्युतीय लोकोमोटिभको पनि उद्घाटन गर्नुहुनेछ । यो देशको सबैभन्दा शक्तिशाली लोकोमोटिभ इन्जिन हो। यसले प्रतिघण्टा १२० किलोमिटरको गतिमा ५,००० टनसम्मका मालबाहक रेलहरूको आवागमन सुनिश्चित गर्नेछ। आकाशवाणी समाचारसँग कुरा गर्दै, पश्चिम रेलवेका प्रमुख जनसम्पर्क अधिकारी विनीत अभिषेकले यस प्रकारको पहिलो मालवाहक रेलको विशेषताहरूमाथि प्रकाश पारे।यसपछि, आज प्रधानमन्त्रीले भुजमा ५३ हजार चार सय करोड रुपैयाँ बराबरका विभिन्न परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुहुनेछ।

**नयाँ एनडीए शासन**

प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा हिज नयाँ दिल्लीमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडीए) का मुख्यमन्त्री र उपमुख्यमन्त्रीहरूको एक दिवसीय सम्मेलन सम्पन्न भयो। सम्मेलनमा प्रधानमन्त्रीले विकासको गति बढाउनु र दोहोरो इन्जिन सरकारबाट जनताले लाभ उठाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । सामाजिक सञ्जालको एक पोस्टमा, प्रधानमन्त्रीले सरसफाइ,, स्वास्थ्य सेवा, युवा सशक्तिकरण, कृषि, प्रविधि जस्ता प्रमुख क्षेत्रहरूमा बलियो तालमेल सिर्जना गर्ने बारेमा कुरा गर्नु भयो ।

भाजपाको सुशासन विभागद्वारा आयोजित उक्त बैठक सुशासनका मुद्दाहरूमा केन्द्रित थियो। छलफलमा भाजपा अध्यक्ष जगत प्रकाश नड्डा, गृहमन्त्री अमित शाह र रक्षामन्त्री राजनाथ सिंहले पनि भाग लिएका थिए। एनडीए शासित सबै २० राज्यका २० मुख्यमन्त्री र १८ उपमुख्यमन्त्रीहरूले सुशासनका मुद्दाहरूमा छलफल गरे। बैठकपछि पत्रकारहरूसँग कुरा गर्दै भाजपा अध्यक्ष जगत प्रकाश नड्डाले सम्मेलनको क्रममा दुई प्रस्ताव पारित भएको बताउनु भयो , जसमध्ये पहिलो अपरेशन सिन्दूरसँग सम्बन्धित थियो र दोस्रो जातीय जनगणना गर्ने सरकारको निर्णयसँग सम्बन्धित थियो। श्री नड्डाले अपरेशन सिन्दूरको प्रस्तावमा नेताहरूले पाकिस्तानमा आतंकवादी शिविरहरूलाई लक्षित गर्ने भारतीय सशस्त्र सेनाको वीरता र साहसको प्रशंसा गरे। श्री नड्डाले भन्नु भयो भाजपा यो स्पष्ट पार्न चाहन्छ कि यसले जातीय राजनीति गर्दैन किनकि पिछडिएका वर्गलाई मुख्यधारामा ल्याउनु समाजको आवश्यकता हो।

**सांसद- उपराष्ट्रपति**

उपराष्ट्रपति जगदीप धनखड आज एक दिने भ्रमणमा मध्य प्रदेश जानुहुनेछ।। श्री धनखरले नरसिंहपुरमा सन् २०२५ मा हुने तीन दिने कृषि उद्योग कार्यक्रमको उद्घाटन गर्नुहुनेछ।। हाम्रो संवाददाताबाट थप

**अमित शाह - नागपुर**

केन्द्रीय गृहमन्त्री अमित शाहले आज बिहान नागपुरको जामठामा राष्ट्रिय क्यान्सर संस्थानको स्वस्ति निवासको शिलान्यास गर्नुहुनेछ । उहाँले आज दिउँसो कामठी ब्लकको चिचोलीमा राष्ट्रिय फोरेन्सिक विज्ञान विश्वविद्यालयको शिलान्यास पनि गर्नुहुनेछ। गृहमन्त्री शाह आजदेखि महाराष्ट्रको तीन दिने भ्रमणमा हुनुहुन्छ ।

यसैबीच, राष्ट्रिय फोरेन्सिक विज्ञान विश्वविद्यालयका संस्थापक उपकुलपति डा. जे.एम. व्यासले विश्वविद्यालयको यो नयाँ क्याम्पसले दक्ष फोरेन्सिक विज्ञहरू उत्पादन गर्ने बताए। नागपुर क्याम्पस विश्वविद्यालयको एघारौं र महाराष्ट्रको पहिलो क्याम्पस हुनेछ। नागपुरपछि, श्री शाह आज नांदेडमा विभिन्न कार्यक्रमहरूमा भाग लिनुहुनेछ। गृहमन्त्री भोलि मुम्बईको भ्रमण गर्नुहुनेछ र विभिन्न कार्यक्रमहरूमा भाग लिनुहुनेछ।

**सर्वदलीय प्रतिनिधिमण्डल-पाण्डा**

बहरीनमा भारतीय सर्वदलीय प्रतिनिधिमंडलले आतंकवाद बिरुद्ध भारतको एकताबद्ध र अटल अडान व्यक्त गर्दै देशको बहुलवादी लोकाचारलाई प्रदर्शित गर्दै विभिन्न उपासना स्थलहरु र पवित्र स्थानहरुको भ्रमण गरेका छन् ।भाजपा सांसद बैजयन्त जय पाण्डा र अन्य पाँच सदस्यको नेतृत्वमा रहेको प्रतिनिधिमण्डल मनामाको २०० वर्ष पुरानो श्रीनाथजी मन्दिर पुगेको थिए । श्री पाण्डाको साथमा श्रीमती रेखा शर्मा, श्री फाङ्नोन कोन्याक, श्री निशिकान्त दुबे र पूर्व कूटनीतिज्ञ हर्ष श्रृङ्ला शामेल थिए। 'इन्डिया इन बहराइन' नामक सामाजिक सञ्जाल ह्यान्डलमा एक सन्देशमा सर्वदलीय प्रतिनिधिमण्डलका सदस्यहरूले २०० वर्ष पुरानो 'श्रीनाथजी मन्दिर' को भ्रमण गरेको उल्लेख गरिएको छ। प्रतिनिधिमण्डलका अर्का सदस्य सतनाम सिंह सन्धु गुरुद्वारा श्री गुरु सिंह सभा पुगेक थिए ।

**सर्वदलीय प्रतिनिधिमण्डल**

कांग्रेस सांसद शशि थरुरको नेतृत्वमा सर्वदलीय भारतीय प्रतिनिधिमण्डल हिजो गुयाना पुगेका छन। प्रतिनिधिमण्डललाई विमानस्थलमा न्यानो स्वागत गरिएको थियो। आतंकवाद विरुद्ध भारतको शून्य सहनशीलता नीतिलाई विभिन्न देशहरूमाझ पुर्‍याउन सर्वदलीय प्रतिनिधिमण्डल विश्वव्यापी भ्रमणमा रहेको छ। गुयानास्थित भारतीय उच्चायोगले सामाजिक सञ्जाल पोस्टमा भनेको छ कि भारत आतंकवाद विरुद्धको लडाईमा दृढतापूर्वक र एकताबद्ध रूपमा उभिएको छ। राष्ट्रवादी कांग्रेस पार्टीकी सांसद सुप्रिया सुलेले नेतृत्व गरेको अर्को प्रतिनिधिमण्डलले हिजो कतारका शीर्ष समाचारपत्रहरुको सम्पादकीय टोलीसँग अन्तरक्रिया गरेका थिए । प्रतिनिधिमण्डलले पहलगाम आतंकवादी हमला पछि भएका घटनाक्रम र आतंकवाद विरुद्ध लड्ने प्रतिबद्धतामा भारतको अडान स्पष्ट पारेको थियो। प्रतिनिधिमण्डलले पश्चिम एसियामा ग्लोबल अफेयर्स काउन्सिलको पनि भ्रमण गर्‍यो र आतंकवाद विरोधी भारतको नीतिको रूपरेखा प्रस्तुत गर्‍यो। भारतीय जनता पार्टीका सांसद बैजयन्त जय पाण्डाको नेतृत्वमा एक सर्वदलीय प्रतिनिधिमण्डल आज र भोलि कुवेतको भ्रमणमा जानेछन। पहलगाम आक्रमणपछि आतंकवाद विरुद्ध भारतको अपरेशन सिन्दूरमा

विश्वव्यापी कूटनीतिक पहुँचका लागि गठित सात सदस्यीय सर्वदलीय प्रतिनिधिमण्डल विश्वका विभिन्न देशहरूको भ्रमणमा रहेका छन।

**विशेष वार्ता-अप्रैशन सिन्दूर**

आकाशवाणी खरसाङले अप्रेशन सिन्दूर विषयमाथि आज २६ तारिख मई एउटा विशेष वार्ता प्रस्तुत गर्न लागिरहेको छ। श्रोताहरूले यस वार्ताको प्रत्यक्ष प्रसारण बिहान १० बजेर ३० मिनेट अनि साँझ 0५ बजेर ०५ मिनेटमा FM-103.5 Mhr र सामाजिक सञ्जाल X मा @airnewskurseong, YouTube मा @airkurseong साथै Facebook मा आकाशवाणी समाचार मार्फत् सुन्न सक्नु हुनेछ। यस कार्यक्रममा सहभागी विशेषज्ञहरु हुनुहुन्छ -श्री सुदर्शन प्रधान अनि श्री कपिल भट्टचार्य। प्रस्तोता हुनुहुन्छ - श्री अशोक चौरसिया।

**विशेष फीचर-परम वीर चक्र**

ऑपरेशन सिंदूर को सफलता बाट उत्साहित समग्र राष्ट्रले भारतीय जवानहरुको शौर्य अनि साहसलाई नमन गरिरहेको छ। सशस्त्र बल प्रति सम्मान अनि कृतज्ञताको भावनाले आकाशवाणी समाचारले एक विशेष श्रृंखला प्रसारित गरिरहेको छ। यस संस्करणमा आज हामी परमवीर चक्र द्वरा सम्मानित क्वार्टर मास्टर हवल्दार अब्दुल हामिदलाई लाई स्मरण गरिरहेका छौँ, उहाँले 1965 को भारत-पाक युद्धमा सर्वोच्च बलिदान दिनुभएको थियो।

( BYTE )

**भारत विश्वको चौथो अर्थतन्त्र हो**

भारतीय अर्थतन्त्रले जापानलाई उछिन्दै विश्वको चौथो ठूलो अर्थतन्त्र बनेको छ। नीति आयोगका प्रमुख कार्यकारी अधिकृत बी.भी.आर. सुब्रह्मण्यमले भन्नु भयो भारत अब जर्मनीलाई उछिनेर आगामी साढे दुई देखि तीन वर्षमा तेस्रो स्थानमा पुग्न तयार छ। हिजो नीति आयोगको १० औं गभर्निङ काउन्सिल बैठकपछि उहाँले भन्नुभयो अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्क अनुसार भारत अब ४ ट्रिलियन डलरको अर्थतन्त्र भएको छ।

**पञ्जाब - हरजिंदर सिंह**

पञ्जाबमा शिरोमणि अकाली दलका पार्षद हरजिंदर सिंहको अमृतसरमा केही अज्ञात आक्रमणकारीहरूले गोली हानी हत्या गरेका छन्। अतिरिक्त पुलिस आयुक्त हरपाल सिंह रन्धावाका अनुसार हिज दुई मोटरसाइकलमा आएका व्यक्तिले पार्षदमाथि गोली प्रहार गरेका थिए। पार्षदको अस्पतालमा मृत्यु भएको थियो । श्री रन्धावाले बताउनु भयो हरजिन्दर सिंहको परिवारका अनुसार केही मानिसहरूले पहिले पनि उनीहरूको घरमा गोली चलाएका थिए। यस मामिलाको जांच जारी छ।

**आईपीएल क्रिकेट**

आइपिएल क्रिकेटमा हिजो राति सनराइजर्स हैदराबादले कोलकाता नाइट राइडर्सलाई ११० रनले पराजित गरेको छ। दिल्लीको अरुण जेटली रंगशालामा भएको खेलमा हैदराबादले दिएको २७९ रनको लक्ष्यको जवाफमा कोलकाता १६८ रनमा अलआउट भयो। dksydkrk fVedks तर्फबाट मनिष पाण्डेले सर्वाधिक ३७ रन बनाए। हैदराबादका लागि जयदेव उनादकट, इशान मालिंगा र हर्ष दुबेले समान तीन विकेट लिए। यसअघि टस जितेर पहिले ब्याटिङ गरेको हैदरावादले निर्धारित २० ओभरमा ३ विकेट गुमाउँदै २७८ रन बनाएको थियो। gSnjkckndks लागि, हेनरिक क्लासेनले सर्वाधिक अविजित १०५ रन बनाए भने ट्राभिस हेडले ७६ रनको इनिङ खेले। कोलकाताका सुनिल नारिनले २ विकेट लिए। हेनरिक क्लासेन खेलको उत्कृष्ट खेलाडी घोषित भए। यसअघि अर्को खेलमा चेन्नई सुपर किंग्सले गुजरात टाइटन्सलाई ८३ रनले पराजित गरेको थियो। पहिले ब्याटिङ गर्दै चेन्नईले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै २३० रन बनायो। जवाफमा गुजरात १८ ओभर र तीन बलमा १४७ रनमै अलआउट भयो। आइपिएलमा आज पञ्जाब किंग्सले जयपुरको सवाई मानसिंह रंगशालामा मुम्बई इन्डियन्सको सामना गर्नेछ। खेल साँझ ७:३० बजेदेखि खेलिनेछ।